भीमेश्वर नगरपालिका

दोलखा जिल्ला, बागमती प्रदेश

# भीमेश्वर नगरपालिका राजपत्र

नगर कार्यपालिकाद्वारा प्रकाशित

खण्ड : ४ | संख्या : ५ | मितिः २०७७/१०/१०

भाग-१

## भीमेश्वर नगरपालिकाको संस्कृति ऐन, २०७७

प्रमाणीकरण मिति : २०७७/९/३०

**प्रस्तावना**

दोलखा जिल्लाको यस भीमेश्वर नगरपालिका बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक सामाजिक संरचना हुनुका साथै राष्ट्रिय महत्वका जातीय, भाषिक, धार्मिक, कला, साहित्य तथा सांस्कृतिक सम्पदाहरु विद्यमान रहेका छन् । साँस्कृतिक सम्पदाहरुको संरक्षण, प्रवर्धन तथा विकास गर्ने कार्य संविधान तथा ऐनबमोजिम स्थानीय तहको समेत भएकोले सोको उचित व्यवस्थापनका लागि स्थानीय तहको संस्कृति ऐनको आवश्यकता महसुस गरी नेपालको संविधानको धारा २२६(१) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी भीमेश्वर नगरपालिकाको आठौं नगरसभाले भीमेश्वर नगरपालिकाको संस्कृति ऐन, २०७७ पारित गरी जारी गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "भीमेश्वर नगरपालिकाको संस्कृति ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "संस्कृति प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको भीमेश्वर संस्कृति प्रतिष्ठान सम्झनुपर्छ ।

(ख) "सभा" भन्नाले दफा ७ बमोजिमको संस्कृतिसभा सम्झनुपर्छ ।

(ग) "सदस्य" भन्नाले दफा ७ बमोजिमको गठित सभाका सम्पूर्ण सदस्यहरु सम्झनुपर्छ ।

(घ) "परिषद्" भन्नाले दफा ११ बमोजिमको संस्कृति परिषद् सम्झनुपर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले संस्कृतिसभा/प्रतिष्ठानको अध्यक्ष सम्झनुपर्छ ।

(च) "उपाध्यक्ष" भन्नाले संस्कृतिसभा/प्रतिष्ठानको उपाध्यक्ष सम्झनुपर्छ ।

(छ) "सचिव" भन्नाले संस्कृतिसभा/प्रतिष्ठानको सचिव सम्झनुपर्छ ।

(ज) "पदाधिकारी" भन्नाले अध्यक्ष, उपाध्यक्ष, सचिव र परिषद्का मनोनीत सदस्य सम्झनुपर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

# परिच्छेद-२

# संस्कृति प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

## ३. संस्कृति प्रतिष्ठानको स्थापना

(१) नगरक्षेत्रका सबै भाषा, साहित्य, कला, संस्कृति तथा दर्शनको संरक्षण, सम्वर्द्धन र विकास गर्ने कामका लागि भीमेश्वर संस्कृति प्रतिष्ठान नामको एक प्रतिष्ठान स्थापना गरिएको छ ।

(२) प्रतिष्ठानको कार्यालय भीमेश्वर नगर कार्यपालिकाले तोकेको स्थानमा रहनेछ ।

## ४. संस्कृति प्रतिष्ठान स्वशासित संस्था हुने

(१) संस्कृति प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(२) संस्कृति प्रतिष्ठानको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) संस्कृति प्रतिष्ठानले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) संस्कृति प्रतिष्ठानले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र संस्कृति प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) संस्कृति प्रतिष्ठानले व्यक्तिसरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

(६) संस्कृति प्रतिष्ठान भीमेश्वर नगरपालिकाको संस्था दर्ता ऐन अन्तरगत नगरपालिकामा दर्ता हुनेछ ।

## ५. संस्कृति प्रतिष्ठानको काम, कर्तव्य र अधिकार

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त संस्कृति प्रतिष्ठानको काम, कर्तव्य र अधिकार निम्नअनुसार हुनेछ :

### ५.१ संस्थागत विकास

#### क. प्रशासन सञ्चालन

१. नियमित प्रशासन तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक विभाग, शाखा, प्रतिष्ठानहरु निर्माण गरी परिचालन गर्ने ।

२. आवश्यक नियमावली बनाइ कर्मचारी व्यवस्थापन गर्ने ।

#### ख. योजना तथा अनुमगन

१. व्यवस्थित कार्य सञ्चालनका लागि अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

२. योजना तथा कार्यक्रमहरुको अनुगमन, समीक्षा, मूल्यांकन गर्ने, गराउने ।

#### ग. जनशक्ति परिचालन तथा क्षमता विकास

१. प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि विधागत क्षेत्रका व्यक्ति, समुदाय परिचालन गर्ने, गराउने ।

२. विशेष कार्यक्रमहरु सञ्चालन गर्न विषयविज्ञ, प्रशिक्षार्थी, स्वयमसेवक आदि परिचालन गर्ने, गराउने ।

३. कर्मचारी, पदाधिकारी, प्रतिष्ठानका सदस्य र सम्वन्धित क्षेत्रका संस्थाहरुको क्षमता विकास गर्न तालिम, गोष्ठी, प्रवचन, प्रशिक्षण, सेमिनार, भ्रमण आदि कार्यक्रमहरुको व्यवस्था गर्ने ।

#### घ. वित्तीय व्यवस्थापन

१. प्रतिष्ठानको आर्थिक आत्मनिर्भरता र उद्देश्यगत लक्ष्य प्राप्तिका लागि विभिन्न आयआर्जन कार्यक्रमहरु बनाइ सञ्चालन गर्ने, गराउने ।

#### ङ. स्रष्टा सम्मान तथा सुरक्षा

१. प्रतिष्ठानका मानार्थ तथा आजीवन सदस्यता प्रदान गर्ने ।

२. विभिन्न विधागत अध्ययन, अंनुसन्धान, अनुवाद, रचना आदि कार्यका लागि विद्वतवृत्तिको व्यवस्था गर्ने ।

३. कला, साहित्य, संस्कृतिक्षेत्रका स्रष्टाहरुको योगदानलाई कदर गर्न विभिन्न पुरस्कार, सम्मान तथा विभूषण आदि स्थापना गरी सञ्चालन गर्ने ।

४. स्रष्टाहरुको स्वास्थ्य तथा पेशागत जोखिमलगायतका सुरक्षा सहयोगको लागि कल्याण कोष स्थापना गर्ने, कोष सहयोग गर्ने, अन्य सामाजिक सुरक्षा कोषहरुसँग समन्वय गर्ने तथा सहयोगी निकायमा सिफारिसलगायतका सहयोग प्रदान गर्ने ।

५. नियमित प्रकाशन हुने पत्रपत्रिका तथा पुस्तकहरुलाई कार्यविधि तयार गरी अनुदान तथा अन्य सहयोग उपलब्ध गराउने ।

### च. प्रकाशन तथा प्रचार प्रसार

१. संस्थागत गतिविधि तथा सांस्कृतिक सम्पदाका विविध पक्षहरु विभिन्न माध्यमबाट प्रचार प्रसार गर्ने ।

२. विभिन्न विधागत अध्ययन अनुसन्धान तथा रचनाहरुको प्रकाशन गर्ने ।

### छ. संस्थागत विकास र सहकार्य

१. नगरपालिका क्षेत्रभित्र रहेका र दर्ता नभएका मठमन्दिर धार्मिक साँस्कृतिक जात्रा पर्व परम्परालाई जोगाउने कार्यलाई नियमितता र निरन्तरता दिन, साँस्कृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन गर्नको लागि स्थानीय समुदायले नगरपालिकामा संस्था दर्ता गरी संरक्षण गर्न सक्नेछन् ।

२. संस्था दर्ता गर्दा सम्बन्धित समुदायको भेलाबाट संस्था दर्ता गर्ने निर्णय, विधान दुई प्रति, कार्यसमितिका पदाधिकारीहरुको नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपि, संरक्षणको योजना, र सम्बन्धित वडाको सिफारिससाथ संस्कृती प्रतिष्ठानमा निवेदन दिनु पर्नेछ । त्यसरी प्राप्त भएको निवेदन संस्कृती प्रतिष्ठानले छानविन गरी उपयुक्त देखेमा संस्कृती प्रतिष्ठानले संस्था दर्ता गर्नेछ । त्यसरी गठन भएको संस्थालाई निरन्तरता दिने, नियमानुसार संस्थाको वार्षिक लेखा परीक्षण र साधारण सभा गराई सोको प्रतिवेदन वार्षिक रुपमा संस्कृती प्रतिष्ठान मार्फत नगरपालिकालाई उपलब्ध गराउने दायित्व सम्बन्धित संस्थाको हुनेछ । संस्कृती संरक्षणको सन्दर्भमा बनेका आवधिक एवम् वार्षिक योजनाहरु नगरपालिकामा समेत जानकारी गराई कार्यसन्चालनको अनुमती लिनु पर्नेछ ।

३. संस्था दर्ता गर्दा नगर सभाबाट तोकिंएको दस्तुर लाग्नेछ । नगरसभाबाट नतोकिएको अवस्थामा रु १५००(एक हजार पाँच सय रुपैया) लाग्नेछ ।

४. संस्कृति प्रतिष्ठानलाई जिल्ला र भेगकै नमुना संस्था बनाउन तथा जिल्लाका अन्य पालिकाका लागि समेत सेवा केन्द्रको रुपमा कार्य गर्नसक्ने गरी सम्बन्ध विस्तार गर्ने साथै सो अनुसारको व्यवस्थापन क्षमता विकास गर्दै लैजाने ।

५. प्रतिष्ठानको उद्देश्य, परिकल्पना र लक्ष्य हासिलका लागि स्थानीय, प्रदेश र संघीय सरकारका समान उद्देश्यका निकायहरुसँग सम्बन्ध विस्तार गर्ने । साथै आवश्यक्ता र सन्दर्भअनुसार स्थानीय, राष्ट्रिय, अर्न्तराष्ट्रिय, निजी, सामुदायिक, प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी विस्तार गर्ने ।

### ५.२ सर्वेक्षण, अध्ययन, अनुसन्धान तथा अभिलेख व्यवस्थापन

क. **अभिलेखालय स्थापना :** ऐतिहासिक, साहित्यिक तथा संस्कृतिक सम्पदाहरुको व्यवस्थित अभिलेख राख्नका लागि एक स्थानीय अभिलेखालय स्थापना र सञ्चालन गर्ने ।

ख. **अभिलेख व्यवस्थापन :** सांस्कृतिक अभिलेख व्यवस्थापनसम्बन्धी प्रचलित कानून (प्राचीन स्मारक संरक्षण ऐन २०१३, गुठी संस्थान ऐन २०३३, अभिलेख संरक्षण ऐन २०४६, प्रतिलिपि अधिकार ऐन २०५९ आदि) ले व्यवस्था गरेका विवरणहरु विभिन्न स्रोतकेन्द्रबाट संकलन गर्ने तथा प्राप्त भएका नयाँ अभिलेखहरु राख्ने ।

ग. **स्रोतकेन्द्र, संग्रहालय तथा सांस्कृतिक भवन स्थापना :** विभिन्न अध्ययन, अनुसन्धानहरुको स्रोतकेन्द्र, पुरातात्विक बस्तुहरुको संग्रह र संरक्षणका लागि संग्रहालय तथा सांस्कृतिक कार्यक्रमहरुको मन्चनका लागि सांस्कृतिक भवन बनाइ सन्चालन गर्ने ।

घ. **बौद्धिक सम्पत्ति संरक्षण :** प्रचलित कानून (प्रतिलिपि अधिकार ऐन २०५९ आदि) ले परिभाषित गरेका रचनाहरुको (साहित्य, कला, ज्ञान-विज्ञान र अन्य क्षेत्रमा मौलिक एवं बौद्धिक रुपले प्रस्तुत गरिएका रचनाहरु) प्रतिलिपि दर्ताको सहजीकरण गर्ने तथा स्थानीय अभिलेख राख्ने ।

ङ **सर्वेक्षण, अध्ययन तथा अनुसन्धान :** नगरक्षेत्रका साहित्यिक, सांस्कृतिक सम्पदाहरुको सर्वेक्षण, अध्ययन, अनुसन्धान गरी सो को अभिलेखन, प्रकाशन, प्रचार प्रसारको व्यवस्था गर्ने ।

५.३ साहित्य विकास

क. **सिर्जनाहरुको प्रवर्धन :** साहित्यका विभिन्न विधाहरुको समान विकास र विस्तार हुने वातावरण निर्माणमा योगदान गर्ने ।

ख. **सर्जकहरुको प्रवर्धन :** हरेक सर्जकहरुको अभिलेख राख्ने र तिनको सिर्जना विकासका लागि अनुकुल वातावरण निर्माणमा योगदान गर्ने ।

ग. **संघ/संस्थाहरुको सहकार्य र साझेदारी :** साहित्यिक संस्थाहरुको संस्थागत क्षमता विकासमा सहयोग गर्ने ।

घ. **पठन संस्कृतिको प्रवर्धन :** साहित्यका पाठकहरुको दायरा (पाठक विविधता), परिमाण र गुणस्तर वृद्धि गर्नका लागि उमेर समुह (विशेष गरी बालसाहित्य), पेशागत समुह (कृषि, शिक्षा, विकास आदि) लक्षित पाठकअनुसारको सिर्जनाहरु बढाउन प्रोत्साहन गर्ने ।

ङ. **प्रशारण विधिहरुको प्रवर्धन :** साहित्यका सिर्जना र सन्देशलाई प्रवाह गर्नका लागि प्रशारण विधिको विविधता विकास (पढ्ने, सुन्ने, हेर्ने, बोल्ने आदि) मा योगदान गर्ने ।

च. **अभियानहरु सञ्चालन :** समयको आवश्यक्ता र सन्दर्भअनुसार विभिन्न समसामयिक अभियानहरु सञ्चालनमा सहयोग गर्ने ।

छ. **अन्तरभाषिक - सांस्कृतिक साहित्य प्रवर्धन :** स्वदेशी तथा विदेशी विभिन्न भाषा संस्कृतिका साहित्यिक कृतिहरुको अनुवाद, लिपि संरक्षण तथा शब्दकोशहरु तयारी र आदान प्रदानको व्यवस्था मिलाउने ।

५.४ संस्कृति विकास

- क. धर्म-संस्कृति

१. सबैखाले धार्मिक, आध्यात्मिक तथा सांस्कृतिक परम्परा, विश्वास, मान्यता, चाडपर्वहरुको संरक्षण, प्रवर्धन र साम्प्रदायिक सद्भाव तथा एकताका लागि कार्य गर्ने ।

२. समय सन्दर्भअनुसार मानवीय व्यवहार, सामाजिक न्याय एवम् वातावरणीय संरक्षणको हिसाबले प्रतिकुल असर सिर्जना गर्ने गतिविधिहरुलाई समयअनुकुल रुपान्तरण गर्न प्रोत्साहित गर्ने ।

३. राष्ट्रिय समावेशी आयोग ऐन २०७४ ले परिभाषित गरेका समावेशी समुह (खस आर्य, पिछडावर्ग, अपांगता, ज्येष्ठ नागरिक, श्रमिक किसान, अल्पसंख्यक, सीमान्तकृत, विपन्न वर्ग) का सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा रचनाहरुको प्रवर्धनका लागि विशेष योजना बनाइ लागु गर्ने ।

४. प्राचीन स्मारक ऐन २०१३ ले परिभाषित गरेका प्राचीन स्मारक तथा पुरातात्विक वस्तुहरुको संरक्षण, सम्भार, जीर्णोद्धारको पहल गर्ने ।

५. नगरक्षेत्रभित्र रहेका प्राचीन एवं पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण एवं प्रवर्द्धन र अर्न्तराष्ट्रियस्तरमा पहिचानका लागि आवश्यकता अनुसार विश्व सम्पदा सूचिमा सूचिकृत गर्न पहल गर्ने ।

६. विभिन्न दिवस, चाडपर्व आदि सञ्चालन प्रवर्धन गर्ने ।
७. गुठीको प्रशासनिक तथा सांस्कृतिक पक्षहरुको वैज्ञानिक व्यवस्थापन गर्ने उपायहरु खोजी सम्बन्धित सरोकारवालाहरुमा परामर्श गर्ने ।
८. जलवायु प्रकोप जोखिम न्युनीकरण लगायतका आधुनिक विश्वव्यापी सवालहरुसँग सामना गर्न सांस्कृतिक पर्यावरण जागरणलगायतका अभियानहरु सञ्चालनमा प्रोत्साहन गर्ने ।

**ख. वास्तुकला**

१. प्राचीन तथा स्थानीय वास्तुकलाहरुको संरक्षण एवं प्रवर्द्धन र अर्न्तराष्ट्रियस्तरमा पहिचानका लागि पहल गर्ने ।
२. आधुनिक वास्तुविज्ञानलाई देशमैत्री र प्रकृतिमैत्री (पर्यावरणमैत्री) बनाउन प्रयत्न गर्ने ।
३. वास्तुकलाका अवसरहरुलाई पर्यटन विकास र आयआर्जनसँग आवद्ध गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

**ग. ललितकला**

१. नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन २०६४ ले परिभाषित गरेका (चित्रकला, मुर्तिकला, लोककला, हस्तकला, शिल्पकला, वास्तुकला र अन्य सृजनात्मक कला) ललितकलाहरुको संरक्षण, प्रवर्धन गर्ने ।
२. स्थानीय भूगोल, कथावस्तु, पात्र आदिमा आधारित चलचित्र, डकुमेन्ट्री आदि निर्माण गर्ने, गराउने ।
३. स्थानीय परम्परागत वाद्यवादन, लोकगायन, भजन, गीत आदिको संरक्षण गर्ने ।

**घ. पर्यटन प्रवर्धन :** सबैखाले साहित्यिक, सांस्कृतिक सम्पदाहरुलाई पर्यटकीय अर्थतन्त्रको स्रोतको रुपमा विकास गर्न पहल गर्ने ।

## परिच्छेद-३

## संस्कृति प्रतिष्ठान

**६. संस्कृति प्रतिष्ठानको संरचना**

संस्कृति प्रतिष्ठानको संरचना देहाय बमोजिम हुनेछ र यिनीहरूको सामूहिक रूप नै संस्कृति प्रतिष्ठानको स्वरूप हुनेछ :-

(क) संस्कृति सभा,

(ख) संस्कृति परिषद,

(ग) विषयगत विभाग,

(घ) विषयगत शाखा ।

(ङ) सल्लाहकार : विज्ञ सदस्य (साहित्य १, संस्कृति १, साहित्य-संस्कृति योजना १)

(च) संरक्षक

## ७. सभा

(१) संस्कृति प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक संस्कृति सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम २७ सदस्यीय हुनेछ :-

(क) संस्कृति सभाका सदस्यहरु छनौटका लागि नगरपालिकाले दफा ८ बमोजिमको सिफारिस समिति गठन गर्नेछ ।

(ख) सिफारिस समितिले नगर/जिल्लाभित्रका कला, साहित्य, संस्कृति, समाजशास्त्रका विधागत विशिष्ट व्यक्तिहरु मध्येबाट समावेशीतालाई ध्यानमा राखी उपयुक्त मापदण्डको आधारमा कम्तीमा ३३ प्रतिशत महिला हुने गरी नाम सिफारिस गर्नेछ । यसरी सिफारिश भई नगरकार्यपालिकाबाट अनुमोदन भएका २७ जना - सदस्य संस्कृतिसभामा रहनेछन् ।

(ग) दफा ७ (ख) बमोजिम गठन भएको संस्कृतिसभाको पहिलो बैठकले सभाको अध्यक्ष र उपाध्यक्ष निर्वाचित गर्नेछ ।

(घ) संस्कृतिसभाको सचिव - सदस्य सचिव

(३) संस्कृतिसभाले आफ्नो कार्य संचालन र व्यवस्थापन गर्न प्रतिष्प्रर्धा र समाबेशीताका आधारमा सभाको सचिव लगायत अन्य आवश्यक जनशक्ति व्यवस्थापन गर्न सक्नेछ । यसरी छनौट भएका जनशक्तिको सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) दफा ७ (३) बमोजिमको जनशक्ति व्यवस्थापन नभएसम्मका लागि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले यस सभाको सदस्य सचिव तथा प्रतिष्ठानको समेत सचिव/कार्यालय प्रमुख भई कार्य गर्नेछ ।

(५) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(६) कुनै कारणले सभाका मनोनीत सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(७) दफा २ (क)को सिफारिस समितिले सभाको अध्यक्ष तथा उपाध्यक्षको निर्वाचनका लागि निर्वाचन मण्डलको कार्य गर्नेछ ।

(६) सभाका सदस्यहरुको सुविधा तोकिए बमोजिम हुनेछ ।

## ८. सिफारिस समिति

(१) संस्कृतिसभाका सदस्यको सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ :-

(क) नगर उपप्रमुख - संयोजक

(ख) कला, साहित्य, संस्कृतिको क्षेत्रका विज्ञ व्यक्तिहरुमध्येबाट नगर प्रमुखको प्रस्तावमा नगर कार्यपालिकाले तोकेको दुईजना - सदस्य

(ग) सिफारिस समितिका सदस्यले संस्कृति प्रतिष्ठान सदस्यमा आफ्नै नाम सिफारिस गर्न पाउने छैनन् ।

(२) उपदफा (१) बमोजिमको समितिले सभाको सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा भाषा, साहित्य, कला, संस्कृति, दर्शन, समाजशास्त्र सम्बन्धी विधामा अध्ययन तथा अनुसन्धान गरेका वा सो विधामा विशेष

योगदान गरेका व्यक्तिहरुमध्येबाट सबै विधा, जाति, लिङ्ग, भाषाभाषी, संस्कृति समेतलाई समेट्ने गरी नाम समावेशी ढाँचामा सिफारिस गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले सिफारिस गर्ने सम्बन्धमा अवलम्बन गर्ने विधागत प्रतिनिधित्वको विवरण अनुसूची १ अनुसार हुनेछ (जसलाई २४ रत्न, २७ नक्षेत्र भनिनेछ) र अन्य कार्यविधि सो प्रतिष्ठान आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ९. सभाको काम, कर्तव्य र अधिकार

सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) संस्कृति प्रतिष्ठानको नीति निर्धारण गर्ने ।

(ख) संस्कृति प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

(ग) संस्कृति प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने ।

(घ) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने ।

(ङ) परिषद्लाई आवश्यक निर्देशन दिने र मार्गदर्शन गर्ने ।

(च) परिषद्को कामको अनुगमन, समीक्षा तथा मूल्याङ्कन गर्ने ।

(छ) संस्कृति प्रतिष्ठानको नियम स्वीकृत गर्ने ।

(ज) ऐनको दफा ५ अनुसारको प्रतिष्ठानको जिम्मेवारी कार्यान्वयनका लागि आवश्यक निर्णयहरु गर्ने ।

(झ) कार्यकालका लागि अध्यक्ष तथा उपाध्यक्षको निर्वाचन र विज्ञ सल्लाहकारहरु मनोनयन गर्ने ।

(ञ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

## १०. सभाको बैठक

(१) सभा तथा परिषद गठन बाहेक सभाको नियमित बैठक वर्षको कम्तीमा दुईपटक बस्नेछ ।

(२) सभाको बैठक सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सभाको बैठक हुनुभन्दा कम्तीमा सात दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूचीसहितको सूचना सभाको सदस्य-सचिवले सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

(४) सभामा तत्काल कायम रहेका संदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सभाको बैठकको निर्णय सभाको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) सभाले संस्कृति प्रतिष्ठानको मानार्थ तथा आजीवन सदस्यलाई सभाको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## ११. परिषद्को गठन

(१) संस्कृति प्रतिष्ठानको कार्यकारी निकायको रूपमा काम गर्न संस्कृति परिषद् रहनेछ ।

(२) संस्कृतिसभाले संस्कृति परिषदको गठन गरी सो को जानकारी नगर कार्यपालिकालाई दिनेछ ।

(३) संस्कृति परिषद्को गठन देहाय बमोजिम ७ सदस्यीय हुनेछ :-

(क) संस्कृति प्रतिष्ठानको अध्यक्ष - अध्यक्ष

(ख) संस्कृति प्रतिष्ठानको उपाध्यक्ष - उपाध्यक्ष

(ग) सभाकासदस्यहरु मध्येबाट साहित्य, धर्म-संस्कृति, ललितकला, वास्तुकलाबाट १/१ जना र कम्तीमा कुल ३३ प्रतिशत महिलाहरु समेत रहने गरी अध्यक्षको सिफारिशमा नगरपालिकाले मनोनित गरेका ४ जना - सदस्य

(घ) संस्कृति प्रतिष्ठानको सदस्य सचिव - सदस्य सचिव

(४) कुनै कारणले उपदफा (३) को खण्ड (ग) बमोजिमका सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

## १२. परिषद्को काम, कर्तव्य र अधिकार

परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाले गरेको निर्णय कार्यान्वयन गर्ने ।

(ख) सभाले दिएको निर्देशन पालना गर्ने ।

(ग) लेखापरीक्षणको प्रतिवेदन सभा समक्ष पेश गर्ने ।

(घ) सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेश गर्ने ।

(ङ) संस्कृति प्रतिष्ठानको चल अचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने, गराउने ।

(च) संस्कृति प्रतिष्ठानको कोषको व्यवस्थापन र सञ्चालन गर्ने ।

(छ) संस्कृति प्रतिष्ठानको लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने ।

(ज) विद्वत्वृत्ति, सम्मान, कदर तथा पुरस्कार अनुमोदनको लागि सभामा पेश गर्ने ।

(झ) विज्ञ सदस्यहरु रहेको सल्लाहकार प्रतिष्ठान गठनका लागि सभासमक्ष नाम प्रस्ताव गर्ने ।

(ञ) पदाधिकारीहरुको विभागीय कार्यविभाजन गरी कार्यसञ्चालन गर्ने ।

(ट) आवश्यक्ताअनुसार कार्य शाखाहरु विस्तार गर्ने ।

(ठ) परिषद्को काम कारबाहीको सम्बन्धमा आवश्यकता अनुसार विकास समिति , उपसमिति, प्रतिष्ठान, संस्थान, कार्यटोली आदि गठन गर्ने र सो को काम, कर्तव्य, अधिकार तथा सेवा सुविधा तोक्ने ।

(ड) नगरपालिकालाई आर्थिक दायित्व सिर्जना हुने काममा नगरपालिकाको पुर्व स्वीकृति लिने ।

(ढ) प्रतिष्ठानलाई आवश्यक पर्ने विभिन्न कार्यविधि,मापदण्ड आदि तयार गरी लागु गर्ने ।

(ण) ऐनको दफा ५ अनुसारको प्रतिष्ठानको समग्र जिम्मेवारी कार्यान्वयन गर्ने, गराउने ।

(त) नगरपालिका क्षेत्रभित्र रहेका साँस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन गर्नको लागि स्थानीय समुदायले संस्था दर्ता गर्न चाहेमा तोकिएको प्रकृया अवलम्बन गरी संस्था दर्ता र नविकरण गर्ने गराउने

(थ) नगरपालिका क्षेत्रभित्र रहेका साँस्कृतिक सम्पदाको सूची तयारी र अद्यावधी गरी सोको संरक्षणको लागि योजना बनाई कार्यान्वयन गर्ने ।

(द) सांस्कृतिक सम्पदा सम्बद्ध चल अचल सम्पति तथा दायित्व सम्बन्धी अद्यावधिक विवरण लिई अभिलेख व्यवस्थापन गर्ने ।

(ध) तोकिए बमोजिमका अन्य काम गर्ने ।

**१३. परिषद्को बैठक**

(१) परिषद गठनबाहेक परिषद्को नियमित बैठक दुई महिनामा कम्तीमा एकपटक बस्नेछ ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्को सदस्य-सचिवले सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को बैठकको निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४

## संस्कृति प्रतिष्ठानको विभाग, संरक्षक, सल्लाहकार, पदाधिकारी तथा कर्मचारी

**१४. संस्कृति प्रतिष्ठानको विभाग**

(क) आवश्यक्ताअनुसार संशोधन गर्न सकिने गरी स्थापना चरणमा प्रतिष्ठानको निम्न विभागहरु रहनेछः

१. संस्थागत विकास विभाग,

२. अनुसन्धान तथा अभिलेख विभाग

३. साहित्य विभाग

४. संस्कृति विभाग

(ख) परिषद बैठकले विज्ञताको आधारमा परिषदका सदस्यहरुमध्येबाट विभागीय संयोजक तोक्नेछ ।

(ग) सदस्यहरुलाई विभागीय रुपमा संगठित र परिचालन गर्न परिषदले कार्यविधि बनाइ लागु गर्नेछ ।

(घ) विभागको जिम्मेवारी ऐनको दफा ५ अनुसारका क्षेत्रहरु (५.१, ५.२, ५.३, ५.४,) हुनेछन् ।

**१५. संरक्षक**

(क) नगर प्रमुख संस्कृति प्रतिष्ठानको प्रमुख संरक्षक हुनेछ ।

(ख) नगर उपप्रमुख संस्कृति प्रतिष्ठानको संरक्षक हुनेछ ।

**१६. सल्लाहकार**

(क) संस्कृति परिषदको सिफारिसमा संस्कृतिसभाले दफा ६ (ङ) बमोजिमको विज्ञ सल्लाहकार नियुक्त गर्न सक्नेछ । यसरी नियुक्त गरेको जानकारी नगर कार्यपालिकामा दिनेछ ।

(ख) विज्ञ सल्लाहकारले आफ्नो क्षेत्रगत विज्ञताको आधारमा प्रतिष्ठानको रणनीतिक योजना तयारी, विषयगत दीर्घकालीन योजना तयारी, अनुसन्धान, अभिलेखन, मूल्यांकन, राष्ट्रिय तथा अन्तरराष्ट्रिय सम्बन्ध र सहकार्य विकासलगायतका विषयमा सहजीकरण गर्ने, मार्गदर्शन गर्ने, संयोजन गर्ने आदि कार्य गर्नेछन् ।

(ग) विज्ञ सल्लाहकारहरको सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

**१७. अध्यक्ष**

(१) संस्कृति प्रतिष्ठानमा एक अध्यक्ष रहनेछ ।

(२) अध्यक्ष संस्कृति प्रतिष्ठानको प्रमुख पदाधिकारी हुनेछ ।

(३) अध्यक्षको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयन गर्ने, गराउने ।

(ख) संस्कृति प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने ।

(ग) संस्कृति प्रतिष्ठानको काम, कारबाही तथा कर्मचारी प्रशासनको सामान्य निर्देशन, नियमन र नियन्त्रण गर्ने।

(घ) परिषद्को स्वीकृति लिई संस्कृति प्रतिष्ठानको तर्फबाट विभिन्न संघसंस्थाहरुसँग सम्झौता गर्ने ।

(ङ) स्वदेशी तथा विदेशी संघ संस्थासँग प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क, समन्वय र संजालिकरण गर्ने ।

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

**१८. उपाध्यक्ष**

(१) संस्कृति प्रतिष्ठानमा एक उपाध्यक्ष रहनेछ ।

(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार : उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयनमा अध्यक्षलाई सहयोग गर्ने ।

(ख) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता लगायत अन्य काम गर्ने ।

(ग) अध्यक्षको निर्देशनमा अन्य काम गर्ने ।

**१९. सचिव**

(१) संस्कृति प्रतिष्ठानमा एक सचिव रहनेछ ।

(२) सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रतिष्ठानका प्रशासनिक कागजातहरु तयार गर्ने तथा सुरक्षितसाथ राख्ने व्यवस्था गर्ने ।

(ख) प्रतिष्ठान सभा तथा परिषद बैठकका निर्णयहरु प्रमाणित गर्ने ।

(ग) तोकिए बमोजिमका पत्राचारहरु गर्ने ।

(घ) विभागीय अभिलेख तथा प्रतिवेदनहरु तयार गर्न लगाउने र सो मा सहयोग गर्ने ।

(ङ) तोकिएका अन्य कामहरु गर्ने ।

**२०. पदाधिकारी सम्बन्धी व्यवस्था**

(१) पदाधिकारीको नियुक्ति ऐनको दफा ११ (३) बमोजिम हुनेछ ।

(२) पदाधिकारीको पदावधि चार वर्षको हुनेछ ।

(३) पदाधिकारीले संस्कृति प्रतिष्ठानमा तोकिएको समयअनुसार काम गर्नेछ ।

(४) पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

**२१. पद रिक्त हुने अवस्था**

देहायका अवस्थामा पदाधिकारी र सभाका सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) निजको पदावधि समाप्त भएमा,

(ख) निजले राजीनामा दिएमा,

(ग) निजको मानसिक सन्तुलन ठीक नभएमा,

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) निज दफा २२ बमोजिम पदबाट हटेमा, वा

(च) निजको मृत्यु भएमा ।

**२२. पदबाट हटाउन सक्ने**

(१) पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई सभामा तत्काल कायम रहेका कम्तीमा एक चौथाइ सदस्यले सभाको अध्यक्ष समक्ष लिखित निवेदन दिएमा अध्यक्षले सभाका सदस्यहरुमध्येबाट एक छानबिन समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले सो सम्बन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन सभा अध्यक्ष समक्ष पेश गर्नेछ र अध्यक्षले त्यस्तो प्रतिवेदन छलफलका लागि सभा समक्ष राख्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा सभामा छलफल हुँदा सभाका बहुमत सदस्यले पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको भनी निर्णय गरेमा सभाले त्यस्तो पदाधिकारी वा सभाका सदस्यलाई निजको पदबाट हटाई सो को जानकारी नगरपालिकालाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पदाधिकारी वा सभाका सदस्यलाई पदबाट हटाउनुअघि सफाईको मौका दिनु पर्नेछ ।

**२३. कर्मचारी**

(१) संस्कृति प्रतिष्ठानमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) प्रतिष्ठानले जनशक्ति योजना तयार पारी सभाबाट स्वीकृत गराएर प्रतिस्पर्धा र समावेशी सिद्धान्तका आधारमा सचिव लगायत अन्य कर्मचारीहरु नियुक्त गर्नेछ ।

(३) उपदफा २ बमोजिमको व्यवस्था नभए सम्मका लागि दफा ७ (४) बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछ ।

**२४. सेवा आयोग**

(१) संस्कृति प्रतिष्ठानका कर्मचारीको स्थायी नियुक्ति र बढुवाको लागि सिफारिस गर्न प्रतिष्ठानले सेवा आयोग गठन गर्न सक्नेछ ।

(२) सेवा आयोगको गठन र कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(३) सेवा आयोगको गठन नभए सम्मका लागि यस ऐनको दफा २३ (३) बमोजिम हुनेछ ।

**परिच्छेद-५**

## कोष तथा लेखापरीक्षण

**२५. संस्कृति प्रतिष्ठानको कोष**

(१) संस्कृति प्रतिष्ठानको आफ्नो छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) सम्बन्धित नगरपालिका, संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकायबाट प्राप्त रकम,

(ख) कला, साहित्य, संस्कृतिसम्बन्धी राष्ट्रिय प्रतिष्ठानहरुबाट प्राप्त रकम,

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) संस्कृति प्रतिष्ठानले कुनै सेवा उपलब्ध गराए वापत प्राप्त रकम,

(ङ) प्रतिष्ठानको आयआर्जन परियोजनामार्फत प्राप्त आम्दानी,

(च) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(छ) मुद्दती कोषहरुको व्याज आम्दानी,

(ज) प्रचलित कानुन बमोजिम अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (च) बमोजिमको रकम प्राप्त गर्नुअघि संस्कृति प्रतिष्ठानले नगरपालिका र आवश्यक्ता अनुसार नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृति लिनुपर्नेछ ।

(४) कोषको रकम संस्कृति प्रतिष्ठानले तोकेको बैङ्कमा खाता खोली जम्मा गर्नेछ ।

(५) संस्कृति प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(६) स्थायी प्रकृतिका भिन्न प्रतिष्ठान तथा परियोजनाहरुको अलग खाता सञ्चालन हुनेछ ।

(७) अन्यत्र व्यवस्था नहुञ्जेल संस्थाको खाता प्रतिष्ठानको अध्यक्ष र सदस्य सचिवको नाममा सञ्चालन हुनेछ ।

(८) संस्कृति प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

**२६. लेखा र लेखापरीक्षण**

(१) संस्कृति प्रतिष्ठानको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२) संस्कृति प्रतिष्ठानको लेखाको लेखापरीक्षण सभाबाट तोकिएको दर्तावाला लेखापरीक्षकबाट हुनेछ ।

## परिच्छेद-६

## विविध

**२७. मानार्थ प्राज्ञ तथा आजीवन सदस्यता**

(१) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिकशास्त्रको विकासमा विशिष्ट योगदान पुर्‍याई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको गौरव बढाउने स्वदेशी वा विदेशी व्यक्तिलाई सभाले परिषद्को सिफारिसमा संस्कृति प्रतिष्ठानको मानार्थ प्राज्ञ सदस्यता प्रदान गर्न सक्नेछ ।

(२) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिकशास्त्रको विधामा विशिष्ट योगदान पुऱ्याउने नेपाली नागरिकलाई सभाले संस्कृति प्रतिष्ठानको आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम मानार्थ प्राज्ञ सदस्यता तथा आजीवन सदस्यता प्रदान गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

(४) संस्कृति प्रतिष्ठानले आजीवन सदस्यलाई तोकिए बमोजिमको सुविधा प्रदान गर्न सक्नेछ । तर नेपाल सरकारबाट कुनै पारिश्रमिक वा सुविधा पाइरहेको आजीवन सदस्यले त्यस्तो सुविधा पाउने छैन ।

(५) सभाले मानार्थ प्राज्ञ सदस्य र आजीवन सदस्यलाई तोकिएको अवस्थामा सदस्यताबाट हटाउन सक्नेछ ।

**२८. कदर, सम्मान तथा पुरस्कार प्रदान गर्नसक्ने**

(१) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिकशास्त्रको विधामा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई सभाले कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

(२) कदर, सम्मान, पुरस्कार तथा विभूषणको वर्गीकरण र वितरण प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

**२९. प्रतिवेदन पेश गर्नुपर्ने**

(१) संस्कृति प्रतिष्ठानले प्रत्येक वर्ष आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन भीमेश्वर नगरपालिकामा पेश गर्नुपर्नेछ । साथै, सो को प्रतिलिपि प्रदेश तथा संघीय सरकारका निकायहरु र ऐन बमोजिम गठित समान प्रकृतिका केन्द्रीय प्रतिष्ठानहरुमा उपलब्ध गराउनेछ ।

**३०. शपथ**

आफ्नो कार्यभार सम्हाल्नुअघि अध्यक्षले नगर प्रमुख समक्ष र उपाध्यक्ष, सचिव तथा सभाका सदस्यले अध्यक्ष समक्ष अनुसूची २ बमोजिमको ढाँचामा शपथ लिनुपर्नेछ ।

**३१. अधिकार प्रत्यायोजन**

(१) सभाले ऐन वा यस अन्तर्गत बनेका नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) परिषद्ले ऐन वा यस अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) अध्यक्षले ऐन वा यस अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपाध्यक्ष वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(४) उपाध्यक्षले ऐन वा यस अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३२. प्रतीक चिन्ह**

संस्कृति प्रतिष्ठानको प्रतीक चिन्ह तोकिए बमोजिम हुनेछ ।

**३३. सम्पर्क निकाय**

नियमित कार्यका लागि संस्कृति प्रतिष्ठानले नेपाल सरकार संघीय तथा प्रदेश तहका सम्बन्धित मन्त्रालयसँग सम्पर्क राख्दा भीमेश्वर नगरपालिका मार्फत राख्नेछ ।

**३४. नियम बनाउने अधिकार**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न संस्कृति प्रतिष्ठानले आवश्यक नियम बनाउन सक्नेछ । तर नेपाल सरकार र भीमेश्वर नगरपालिकालाई आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा तत् तत् निकायको पूर्व स्वीकृति लिनुपर्नेछ ।

**३५. खारेजी र बचाउ**

भीमेश्वर नगरपालिकाबाट यस अघि भए गरेका साहित्य, संस्कृति क्षेत्रमा सम्पन्न कार्यहरु यसै ऐनअनुसार गरेको मानिनेछ ।

## अनुसूची १ः

## संस्कृति प्रतिष्ठानका सदस्यहरु छनौट गरिने विधागत क्षेत्रको विवरण

**(दफा ८.३ सँग सम्बन्धित)**

१. निर्माण प्राविधिक (सिभिल, आर्किटेक्टर) : १ जना ।
२. वातावरणविद, जलवायुविद : १ जना ।
३. जनस्वास्थविद : १ जना ।
४. शिक्षाविद : १ जना ।
५. इतिहासविद : १ जना ।
६. संस्कृतिविद : १ जना ।
७. लामा, पण्डित, पुरोहित (हरेक सांस्कृतिक समुदायबाट १/१ जना) : ३ जनासम्म ।
८. धामीझाँक्री : १ जना ।
९. ज्योतिष : १ जना ।
१०. जडीबुटीविज्ञ : १ जना ।
११. पशुपंक्षीविद : १ जना ।
१२. कृषि तथा वनस्पतिविद : १ जना ।
१३. सूचना प्रविधिविद : १ जना ।
१४. योग साधक : १ जना ।
१५. खाद्यविद : १ जना ।
१६. चिकित्सक/मनोविद : १ जना ।
१७. साहित्यकला : १ जना ।
१८. संगीतकला : १ जना ।
१९. नाट्यकला, फिल्मकला : १ जना ।
२०. चित्रकला, मूर्तिकला : १ जना ।